भोला प्रसाद गुप्ता
अध्यक्ष

# प्रसौनी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
# प्रसौनी, बारा

## प्रसौनी गाउँपालिकाको "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७८

**स्थानीय स्तरको विकास निर्माणमा निजिक्षेत्रको ज्ञान र विषेशज्ञतालाई उपयोग गर्न तथा सार्वजनिक खरिदको मूलभूत विशेषताहरुलाई अक्षुण राखी सार्वजनिक निर्माणको क्षेत्रमा पारदर्शिता, स्वच्छता, ईमान्दारीता, जवाफदेहीता, विश्वसनियता तथा भेदभाव रहित प्रतिस्पर्धा तथा श्रोत साधनको उच्चतम उपयोग जस्ता उद्धेश्यहरु हासिल गर्न सार्वजनिक निर्माणमा निजिक्षेत्रको सहज पहुँचको लागि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को छ (१०) ले दिएको अधिकार प्रयोग गरी प्रसौनी गाउँपालिकाको कार्यपालिकाले यो कार्यविधि बनाई पारित गरको छ ।**

**(१) इजाजतपत्र प्राप्त नगरी सार्वजनिक निर्माण कार्य गर्न नहुने :**

प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको बाहेक यस कार्यविधि बमोजिम इजाजतपत्र प्राप्त नगरी "घ" वर्गको निर्माण व्यवसायीको नामबाट कसैले पनि सार्वजनिक निर्माण कार्य गर्न गराउन हुँदैन ।

**(२) नयाँ इजाजतपत्र सम्बन्धी व्यवस्था :**

(१) सार्वजनिक निर्माण कार्य गर्न चाहने निर्माण व्यवसायीले अनुसूची-१ बमोजिमको ढाँचामा सार्वजनिक निर्माण कार्य गर्न इजाजतपत्रको लागि यस गाउँपालिकाको कार्यालयमा प्रमुख प्रशासकीय अधिकृत समक्ष दरखास्त दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पर्न आएको दरखास्त प्रमुख प्रशासकीय अधिकृतले अनुसूची-४ बमोजिमको योग्यता भए/नभएको सम्बन्धमा कार्यालयको सिभिल ईन्जिनीयर वा सबईन्जिनीयर बाट जाँचबुझ गराई प्रतिवेदन पेश गर्न लगाउनु पर्ने छ ।

(३) उपदफा (२) अनुसारको प्रतिवेदन सहित प्रमुख प्रशासकीय अधिकृतले इजाजतपत्र प्रदान गर्ने निर्णयका लागि कार्यपालिकाको बैठकमा प्रस्ताव पेश गर्नुपर्ने छ ।

(४) उपदफा (३) बमोजिम कार्यपालिकाको निर्णय अनुसार गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतले निर्माण व्यवसायी फर्म वा कम्पनीको इजाजतपत्र दर्ता वापत अनुसूची-२ बमोजिमको दस्तुर लिई निजलाई अनुसूची-३ बमोजिमको ढाँचामा इजाजतपत्र प्रदान गर्नुपर्ने छ ।

**(३) इजाजतपत्र नामसारी गर्ने व्यवस्था :**

इजाजतपत्र नामसारी गर्नुपर्ने भनी सम्वन्धितबाट निवेदन परेमा प्रमुख प्रशासकीय अधिकृतले आवश्यक जाँचबुझ गरि इजाजतपत्र नामसारी गर्ने निर्णयका लागि कार्यपालिकाको बैठकमा प्रस्ताव पेश गर्नुपर्ने छ र कार्यपालिकाको निर्णय अनुसार अनुसूची-२ बमोजिमको नामसारी दस्तुर लिई इजाजतपत्र नामसारी गरिदिनु पर्नेछ ।

**(४) इजाजतपत्रको अवधि र नवीकरण :**

(१) दफा २ बमोजिम प्रदान गरिएको इजाजतपत्र दफा ५ बमोजिम खारेज भएको वा प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा बाहेक चालु आर्थिक वर्षको अन्त्यसम्म मात्र मान्य रहनेछ ।



भोला प्रसाद गुप्ता
अध्यक्ष

Bpgupta भोला प्रसाद गुप्ता अध्यक्ष

(२) उपदफा (१) बमोजिम इजाजतपत्रको अवधि समाप्त भएका प्रत्येक निर्माण व्यवसायीले इजाजतपत्रको अवधि समाप्त भएको मितिले ३ (तीन) महिना भित्र प्रचलित कानून बमोजिम संघ, प्रदेश र स्थानीय तहलाई तिर्नुपर्ने कर तिरी सकेको प्रमाण स्वरुप सम्वन्धित संघीय/प्रदेश/स्थानीय कर कार्यालयबाट प्राप्त करचुक्ता प्रमाणपत्र तथा फर्म वा कम्पनीको दर्ता तथा नवीकरण प्रमाणपत्र सहित गाउँपालिकाबाट अनुसूची-२ बमोजिमको नवीकरण दस्तुर तिरी नवीकरण गराउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको म्याद नाघे पछि सम्बन्धित सबै कागजातहरु पुरा गरी इजाजतपत्र नवीकरण गराउन चाहने निर्माण व्यवसायीले नवीकरण गर्न माग गरेमा अनुसूची-२ बमोजिमको नवीकरण जरिवाना दस्तुर मात्र लिई प्रमुख प्रशासकीय अधिकृतले इजाजतपत्र नवीकरण गरिदिनु पर्नेछ ।

**(५) इजाजतपत्रको खारेजी :**

(१) देहायको अवस्थामा गाउँपालिकाले निर्माण व्यवसायीको इजाजतपत्र खारेज गर्न सक्नेछ :

(क) झुट्ठा विवरण पेश गरी इजाजतपत्र प्राप्त गरेको प्रमाणित भएमा,

(ख) सार्वजनिक निर्माण कार्य गर्ने वा गर्न पाउने उद्देश्यले नेपाल सरकार तथा संगठित संस्थामा झुट्ठाविवरण पेश गरको सम्वन्धित निकायवाट लेखि आएमा,

(ग) सार्वजनिक निकायसंग भएको सम्झौता बमोजिम कार्य सम्पन्न नगरेको वा सम्झौताको गम्भिर उल्लंघन भएको सम्बन्धित निकायबाट लेखि आएमा,

(घ) प्रचलित कानून विपरीत कार्य संचालन गरेमा वा कार्य संचालन सम्बन्धमा कार्यालयले दिएको निर्देशन बारम्बार उलंघन गरेमा ।

२) उपदफा (१) बमोजिम इजाजतपत्र खारेज गर्नु अघि सम्बन्धित निर्माण व्यवसायीलाई स्पष्टीकरण पेश गर्न मनासिब माफिकको मौका दिइने छ ।

(३) उपदफा (१) बमोजिम इजाजतपत्र खारेज भएमा गाउँपालिकाले बाँकी बक्यौता कर तथा जरिवाना सरकारी बाँकी सरह सम्बन्धित कम्पनी वा फर्म वा व्यक्ति बाट असूल गर्नेछ ।

**(६) प्रतिलिपी दिने व्यवस्था :**

इजाजतपत्र हराएमा, च्यातिएमा वा अन्य कुनै कारणले इजाजतपत्रको प्रतिलिपि उपलब्ध गराउन सम्बन्धितबाट निवेदन परेमा कार्यालयले प्रतिलिपि दस्तुर वापत अनुसूची-२ बमोजिमको दस्तुर लिई इजाजतपत्रको प्रतिलिपी जारी गर्न सक्नेछ ।

**(७) खारेजी र बचाउ :**

प्रसौनी गाउँपालिकाको "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५ खारेज गरिएको छ । सो कार्यविधि र त्यस अघि प्रचलित कानून बमोजिम दर्ता भएका ठेक्का बन्दोबस्ती सम्बन्धी फर्म तथा कम्पनीहरुलाई दिइएको इजाजतपत्रहरु यसै कार्यविधि बमोजिम दिइएको मानिनेछ ।

**(८) बाधा अडकाउ फुकाउने अधिकार :**

यस कार्यविधि कार्यान्वयनको सिलसिलामा कुनै बाधा अडकाउ परेमा सो फुकाउने अधिकार गाउँपालिकाको कार्यपालिकालाई हुनेछ । कार्यपालिकाले गरेको निर्णय अन्तिम निर्णय हुनेछ ।

Bpgupta
०८८।०९।२२
भोला प्रसाद गुप्ता
अध्यक्ष

प्रसौनी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
प्रसौनी, बारा
प्रदेश नं. २, नेपाल
२०७३

भोला प्रसाद गुप्ता
अध्यक्ष

प्रसौनी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय प्रसौनी, बारा प्रदेश नं. २, नेपाल २०७३

अनुसूची - १

कार्यविधि को दफा २ को उपदफा (१) संग सम्वन्धित

ईजाजतपत्रको लागि दिइने दरखास्त

दरखास्त वालाको फोटो

विषय : इजाजतपत्र पाउ भन्ने बारे ।

श्री ............................म.न.पा/.नपा/गा.पा को कार्यालय
................

यस ....................................कार्यालयको कार्यविधि .........वमोजिम सार्वजनिक निर्माण कार्य गर्नको लागि ईजाजतपत्र पाउन निम्न विवरण भरी यो दरखास्त पेश गरिएको छ ।

१. दरखास्त पेश गर्ने फर्म वा कम्पनीको,-

नाम :-

ठेगाना :-

पोष्ट बक्स :-

टेलिफोन नं. फ्याक्स नं.:- ईमेल :-

२. फर्म वा कम्पनीको प्रकृति

☐ प्राईभेट लिमिटेड कम्पनी ☐ पब्लिक लिमिटेड कम्पनी

☐ एकलौटी ☐ साझेदारी

(कोष्ठमा रेजा लगाउनु पर्नेछ)

३. सम्पर्कको लागि फर्म वा कम्पनीको आधिकारीक व्यक्तिको :-

नाम थर :-

ठेगाना :- पोष्ट बक्स :-

टेलिफोन नं. फ्याक्स नं.:- ईमेल :-

४. फर्म वा कम्पनीको विवरण :-

दर्ता नं. :- दर्ता मिति :-

अधिकृत पूजी :- जारी पूजी :-

दर्ता गर्ने कार्यालयको नाम र ठेगाना :-

५. इजाजतपत्र लिन चाहेको वर्ग :- ( घ ) वर्ग

६. समूहीकरण हुन चाहेको समूह :-

७. आर्थिक श्रोतको विवरण :-

| | रकम | वित्तीय संस्था । बैंकको नाम |
|---|---|---|
| स्थायी ओभरड्राफ्ट | | |
| मुद्दती खाता | | |
| चल्ती खाता | | |
| वचत खाता | | |
| | | |

उल्लिखित विवरण बाहेक अन्य विवरण भए छुट्टै पेश गर्न सकिनेछ ।

८. कामदारको विवरण :-

(क) प्राविधिक :-

(ख) अप्राविधिक :-

(ग) अन्य :-

प्राविधिक कर्मचारी को Certificate को प्रतिलिपि तथा तिनको मंजुरीनामा पेश गर्नु पर्ने छ ।



भोला प्रसाद गुप्ता

भोला प्रसाद गुप्ता
अध्यक्ष

९. आफ्नो स्वामित्वमा रहेको निर्माण सम्बन्धी सवारी साधन मेशिनरी औजारको विवरण :-

| सि.नं. | नाम तथा विवरण | दर्ता नं | क्षमता संख्या | मूल्य | खरिद मिति | अन्य व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

द्रष्टव्य : यस विवरणमा उल्लिखित सवारी साधन तथा मेशिनरी औजारहरुको स्वामित्वको कागजात (दर्ता प्रमाणपत्र) र उक्त मेशिनरी औजारहरु चालु हालतमा रहेको छ भनी मेकानिकल ईन्जिनियरद्वारा प्रमाणित भएको हुनु पर्नेछ ।

१०. यस अघि सम्पन्न गरेको कामको विवरण :-

| सि.नं. | निर्माण सम्बन्धी कामको प्रकृति | काम गरेको साल | रकम | ठेक्कादाता कार्यालयका नाम | कामको अवस्था ( प्रगति प्रतिशतमा) |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

११. करचुक्ता गरेको प्रमाण कागजात :-

क.

ख.

ग.

यस दरखास्त फाराममा उल्लिखित सम्पूर्ण व्यहोरा ठीक साचो छ । झुठ्ठा ठहरे कानून बमोजिम सहुला बुझाउला ।

निर्माण व्यवसायीको छाप

दरखास्तवालाको,-

दस्तखत :-

मिति :-

द्रष्टव्य : यस दरखास्त फारम साथ दरखास्त फारममा उल्लेख भएको व्यहोरा पुष्टि गन सम्बन्धित कागजातको प्रमाणित प्रतिलिपी संलग्न गर्नु पर्नेछ र कार्यालयले मार्ग गरेको बखत सक्कल कागजात पेश गर्नु पर्नेछ ।

भोला प्रसाद गुप्ता
अध्यक्ष

## अनुसूची – २

कार्यविधिको दफा २ को उपदफा (४), दफा ३, दफा ४ को उपदफा (२ र ३) र दफा ६ संग सम्बन्धित

| सि. न. | विषय | दस्तुर |
|---|---|---|
| १ | इजाजतपत्र दर्ता | रु. ५,०००/- |
| २ | इजाजतपत्र नवीकरण | रु. २,०००/- |
| ३ | इजाजतपत्र नवीकरण जरिवाना | नवीकरण दस्तुरको दोब्बर |
| ४ | वार्षिक कर | रु. २,०००/- |
| ५ | इजाजतपत्र प्रतिलिपि | रु. १,०००/- |
| ६ | इजाजतपत्र नामसारी | रु. ५,०००/- |

*द्रष्टव्य:*

१. कार्यविधिको दफा ४ को उपदफा (२) मा उल्लेखित समयभित्र नवीकरण नगराउँदा उपदफा (३) बमोजिम नवीकरण गराउनु पर्दा नवीकरण नगराईए सम्मको प्रत्येक आर्थिक वर्षको लागि इजाजतपत्र नवीकरण जरिवाना दस्तुर मात्र तिर्नु पर्नेछ।

२. माथि उल्लेखित दस्तुरहरु यसै बमोजिम वा गाउँपालिकाको प्रचलित आर्थिक ऐनमा अन्यथा व्यवस्था हुन गएको अवस्थामा सोही ऐन बमोजिम लागु हुनेछन्।

प्रसौनी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
प्रसौनी, बारा
प्रदेश नं. २, नेपाल
२०७३

भोला प्रसाद गुप्ता
अध्यक्ष

भोला प्रसाद गुप्ता
अध्यक्ष

प्रसौनी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय प्रसौनी, बारा प्रदेश नं. २, नेपाल २०७३

अनुसूची – ३

कार्यविधिको दफा २ को उपदफा (४) सँग सम्बन्धित

# प्रसौनी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
# प्रसौनी, बारा ।

फोटो

## "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र

**"घ" वर्ग**

इजाजतपत्र नं. ............................ मिति ............................

प्रसौनी गाउँपालिकाको "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७८ को दफा २ को उपदफा (४) बमोजिम निर्माण व्यवसाय गर्न ........................................................................................ ..................................................स्थित कार्यालय भएको .............................................................. ..................................................फर्म वा कम्पनीलाई यो इजाजतपत्र प्रदान गरिएको छ ।

| | |
|---|---|
| ..................................................<br>निर्माण व्यवसायीको हस्ताक्षर/मिति | ..................................................<br>स्वीकृत गर्ने अधिकारीको हस्ताक्षर/मिति |

**नवीकरण:**

| नवीकरण गरेको मिति | नवीकरण बहाल रहने अवधि | दस्तुर तिरेको रसिद नं. र मिति | नवीकरण गर्ने अधिकारीको सहीछाप | कार्यालयको छाप |
|---|---|---|---|---|
| | | | | |



०७८।०९।२२

भोला प्रसाद गुप्ता

भोला प्रसाद गुप्ता
अध्यक्ष

अनुसूची – ४

## "घ" वर्गको निर्माण व्यवसायीको लागि आवश्यक योग्यता

**१. आर्थिक क्षमता :** फर्म वा कम्पनीको रुपमा कम्तिमा पाँच लाख रुपैयाँको पूँजी देखाई उद्योग मन्त्रालय वा अन्तर्गतको कार्यालयमा दर्ता भएको हुनु पर्नेछ ।

**२. मुख्य जनशक्ति विवरण :** मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरीङ विषयमा कम्तिमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्राविधिक जनशक्तिको सेवा पूरा समय प्राप्त हुने व्यवस्था हुनु पर्नेछ ।

**३. सवारी साधन र उपकरणहरु :**

(क) ट्रिपर वा ट्र्याक्टर (एक थान)
(ख) मिक्सर (एक थान)
(ग) Theodolite वा Level Machine (एक सेट)
(घ) वाटर पम्प (दुई थान)
(ङ) भाइब्रेटर (दुइ थान)

***द्रष्टव्य :***

१. इजाजतपत्र दर्ताको लागि सवारी साधन र उपकरणहरुको स्वामित्वको प्रमाणपत्रका कागजातहरु पेश गर्नु पर्नेछ । तर सवारी साधनको हकमा सवारी साधन आफ्नो स्वामित्वमा नभएको अवस्थामा कम्तिमा दुई वर्षको लागि सवारीधनी सँग सवारी साधन बहाल सम्झौता गरि सम्झौतापत्र पेश गरि इजाजतपत्र दर्ता गर्न सकिने छ ।

२. इजाजतपत्र दर्ताको लागि सवारी साधन र उपकरणहरुको बीमा गरेको कागजातहरु पेश गर्नु पर्नेछ ।

३. इजाजतपत्र दर्ताको लागि सवारी साधन र उपकरणहरु ठीक अवस्थामा भएको कुरा मेकानिकल ईन्जिनियरिङ विषयमा कम्तीमा स्नातक तहको शैक्षिक योग्यता भएको र नेपाल ईन्जिनियरिङ परिषदमा दर्ता भएको मेकानिकल ईन्जिनियरले प्रमाणित गरेको हुनु पर्नेछ ।

४. पन्ध्र वर्ष भन्दा बढी पुरानो सवारी साधन र उपकरणहरु इजाजतपत्र दर्ता हुने प्रयोजनको लागि मान्य हुने छैन ।

५. सवारी साधन र उपकरणहरु इजाजतपत्र दर्ता भएको मितिले कम्तिमा दुई वर्षसम्म बेचबिखन गर्न पाइने छैन ।

भोला प्रसाद गुप्ता
अध्यक्ष